ग्रामीण विकास लघुवित्त वित्तीय संस्था लि.
GRAMEEN BIKAS LAGHUBITTA BITTIYA SANSTHA LTD.
समाचार

चैत्र ७, २०८० | ग्रामीण विकास लघुवित्त समाचार | मार्च २०, २०२४

# वित्तीय सचेतना र्‍यालीमा सहभागिता

ग्रामीण विकास लघुवित्त वित्तीय संस्था लिमिटेडद्वारा वित्तीय सचेतना र्‍यालीमा सहभागिता रहेको छ। नेपाल राष्ट्र बैंकको राष्ट्रिय संयोजनमा विगत वर्षहरु जस्तै यस वर्ष पनि विविध कार्यक्रमको आयोजना गरी देशभर Global Money Week-024 मनाउने सप्ताहव्यापी अभियान अन्तर्गत चैत्र ६ गते नेपाल राष्ट्र बैंक सिद्धार्थनगर कार्यालयको परिसरमा जम्मा भई नगरका विभिन्न स्थानहरुमा परिक्रमा गरी उक्त कार्यक्रम गरिएको थियो।




वित्तीय प्रणालीमा आवद्ध विभिन्न बैंक तथा वित्तीय संस्थाहरुको सहभागिता रहेको उक्त कार्यक्रममा यस संस्थाको तर्फबाट नायव कार्यकारी अधिकृत, आन्तरिक लेखापरीक्षण विभाग, जनशक्ति व्यवस्थापन विभागका विभागीय प्रमुखहरु र अन्य अधिकृत तथा कर्मचारीहरुको सहभागिता रहेको थियो।

बालबालिका तथा युवाहरुमा वित्तीय साक्षरता अभिवृद्धि गर्दै वित्तीय ज्ञान, सीप र मनोवृत्तिको विकास गर्ने उद्देश्यका साथ Organization of Economic Cooperation and Development (OECD) को संयोजनमा सन् २०१२ देखि हरेक वर्ष “ग्लोबल मनि वीक” विश्वभर मनाउँदै आइरहेको छ। यसै सन्दर्भमा २०२४ मार्च १८ देखि २४ (२०८० चैत्र ५ गतेदेखि ११ गते) सम्म Protect Your Money, Secure Your Future भन्ने मूल नाराका साथ Global Money Week को १२ औं श्रृङ्खला मनाइएको छ।